# नागरिक लगानी कोष

**केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौँ**

**फोन नं. ०१-५९७०२०१, ०१-५९७०२०२**

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।१५)**

आर्थिक वर्ष २०८३/८४ मा कोषलाई आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरू उपलब्ध गराउने प्रयोजनका लागि सामान तथा सेवा प्रदायकहरूको सूची सूचीकृत गरिने भएको हुँदा मौजुदा सूचीमा दर्ता हुन इच्छुक इजाजत पत्र प्राप्त रजिस्टर्ड फर्म तथा कम्पनीहरूले निम्नलिखित कागजातहरू संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले गर्न चाहेको कार्यका लागि छुट्टाछुट्टै आवेदन भरी कोषको केन्द्रीय कार्यालयको प्रशासन महाशाखा र शाखा कार्यालयहरूको हकमा सम्बन्धित शाखाहरूमा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आपूर्ति/उपलब्ध गराउनुपर्ने सामान तथा सेवाहरू**

| सि.नं. | विवरण |
|---|---|
| १ | सरसफाइ सम्बन्धी सामग्रीहरू |
| २ | फर्निचर (काठ/स्टिल) खरिद तथा मर्मत सम्बन्धी |
| ३ | स्टेसनरी सामग्रीहरू (मसलन्द तथा विविध) |
| ४ | छपाइ सम्बन्धी |
| ५ | पिउने पानी आपूर्ति सम्बन्धी |
| ६ | कम्प्युटर/ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर्स, स्पेयर्स पार्टस्, प्रिन्टर कार्टेज, टोनर, Air conditioner खरिद र सो सम्बन्धी मर्मतका लागि आवश्यक पर्ने पार्टपुर्जा, लिफ्ट मर्मत र मर्मतका लागि आवश्यक पर्ने पार्टपुर्जा |
| ७ | घर जग्गाको मूल्याङ्कन गर्ने इन्जिनियरिङ परामर्श |
| ८ | बीमा सेवा |
| ९ | परामर्श सेवा (वित्तीय, कानून, अन्य सेवा) |
| १० | आन्तरिक लेखा परीक्षण सेवा |
| ११ | सफ्टवेयर परामर्श सेवा |
| १२ | टिकेट, ट्राभल तथा टुर सेवा |
| १३ | धितोपत्र दलाल सेवा |
| १४ | प्लम्बिङ र प्लम्बिङसँग सम्बन्धी सरसामानहरू |
| १५ | इलेक्ट्रोनिक सरसामान खरिद तथा मर्मत सम्बन्धी |
| १६ | सवारीसाधन मर्मत सम्बन्धी |
| १७ | कुरियर सेवा सम्बन्धी (आन्तरिक र बाह्य) |
| १८ | माथि उल्लेख भएका बाहेक अन्य विविध सामानहरूको खरिद सम्बन्धी |

**पेश गर्नुपर्ने कागजातहरू :**

१. फर्म/कम्पनी दर्ताको प्रमाणपत्र,
२. VAT/PAN मा दर्ता भएको प्रमाण-पत्र
३. आ.व. २०८१।८२ को करचुक्ताको प्रमाण-पत्र
४. पेशागत कसुरमा सजाय नपाएको भनी स्वघोषणा पत्र
५. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र

**सूचीकृत हुने सम्बन्धमा थप जानकारीहरू :**

१. सूचीकृत हुन निवेदन दिनेहरू मध्येबाट उपयुक्त ठहरिएका योग्य फर्म तथा कम्पनीहरूलाई मात्र सूचीकृत गरिनेछ ।
२. सूचीकृत हुन निवेदन साथ सूचनामा उल्लिखित कागजातहरू स्वयं प्रमाणित गर्नुपर्नेछ ।
३. सूचीकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, विगतको अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ ।
४. कोषको शाखा कार्यालयबाट गरिने खरिद प्रयोजनका लागि देहायका कार्यालयमा निवेदन बुझाउनुपर्नेछ ।

| क्र.सं. | कार्यालय | कैफियत |
|---|---|---|
| १ | शाखा कार्यालय, विराटनगर, कोशी प्रदेश | |
| २ | शाखा कार्यालय, जनकपुर, मधेश प्रदेश | |
| ३ | शाखा कार्यालय, पोखरा, गण्डकी प्रदेश | |
| ४ | शाखा कार्यालय, बुटवल, लुम्बिनी प्रदेश | |
| ५ | शाखा कार्यालय, सुर्खेत, कर्णाली प्रदेश | |
| ६ | शाखा कार्यालय, धनगढी, सुदूरपश्चिम प्रदेश | |

५. घर जग्गाको मूल्याङ्कन गर्ने इन्जिनियरिङ परामर्श सेवाका लागि सूचीकृत हुन कम्तीमा ३ वर्षको अनुभवको कागज समेत पेश गर्नुपर्नेछ ।
६. सूचीकृत भएका सबै कम्पनी/फर्मबाट सामान वा सेवा खरिद गर्न कोष बाध्य हुनेछैन ।
७. सूचीकृत भएका फर्म/कम्पनीहरूले प्रदान गरेको सेवा, गुणस्तर, मूल्य, आपूर्ति गरेको समय सन्तोषजनक नभएको खण्डमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ ।
८. माथि उल्लिखित सामान तथा सेवाहरूका लागि प्राप्त आवेदन आंशिक वा पूरा स्वीकृत गर्ने र नगर्ने सम्पूर्ण अधिकार कोषमा निहित हुनेछ । सूची दर्ताका लागि आवेदन पेश गरेका सम्पूर्ण फर्म तथा कम्पनीहरूलाई सूचीकृत गर्न कोष बाध्य हुनेछैन ।